# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु नागेन्द्र महरा चमार, राजेश्वर प्रसाद चौरसियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

- **प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमार**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारलाई रु. ४,२०,०००।- (चार लाख बीस हजार) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस रिसवत वापत दिएको रकम ऐ.को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन; र
- **प्रतिवादी राजेश्वर प्रसाद चौरसिया**ले नागेन्द्र रामको नियुक्ति पत्र एवं नियुक्ति अभिलेख कायम पत्रमा निजको नाम आफुले लेखिदिएको र रमानापत्र तयार गरिदिएको भनि आफुले लेखिदिएका नियुक्ति पत्र तथा रमानापत्र लगायतका कागजातहरु समेत हेरी पढी आफुले लेखिदिएको व्यहोरालाई सनाखत समेत विभिन्न दस्तुरहरुको बहानामा रु.४,२०,०००।- घुस रिसवत लिएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज उपर रु.४,२०,०००।-(चार लाख बीस हजार) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी घुस रिसवत वापत लिएको रकम ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन

मागदाबी लिई विशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

विशेष अदालतको मिति २०८०/०९/२२ को फैसलाबाट निम्न आधारहरू लिई उक्त आरोपमा आंशिक कसूर ठहर भएको:

- प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले पनि यस अदालतमा बयान गर्दा आफूले कुनै रकम दिएको छैन भनेर नै बयान गरेको देखिन्छ भने प्रतिवादी राजेश्वरप्रसाद चौरसियाले पनि यस अदालतमा ईन्कारी बयान गरेको। रिसवत लेनदेन भएको अन्य आधार नदेखिएको हुँदा निजहरुले गरेको कार्यबाट नेपाल सरकारलाई कुनै हानी नोक्सानी भएको अवस्था समेत देखिंदैन ।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।२७ मा पुनरावेदन गरिएको छः-

**देहायः**

क) प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मैले शिक्षक नियुक्तिको लागि आवेदन नदिएको, छनौट परीक्षामा सहभागीसमेत नभइ विद्यालयको नियुक्तिपत्र, जिल्ला शिक्षा

कार्यालय, पर्साको जनसेवा प्रा.वि. जगरनाथपुर सिराह पर्सामा सरुवा भएको पत्रसमेतका कागजातहरू शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरूको बहानामा रू.४,२०,०००।- लिएर उपलव्ध गराएका हुन् भनी खुलाईदिएबाट कुनैपनि परीक्षाहरू नदिई दस्तुरको बहानामा शाखाका शिक्षा अधिकृतलाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजातहरू प्राप्त गरेको भनी बयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरुले घुस/रिसवत लिएको/दिएको रकम रु.४,२०,०००।-(चार लाख बिस हजार) बिगो कायम गरी सजाय गर्नु पर्नेमा सो नगरी विशेष अदालतले प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ख) अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको अवस्थामा प्रतिवादीहरु नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमार र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले कुनै प्रमाण पेश गर्न नसकेको देखिदा प्रतिवादीहरु नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमार र राजेश्वर प्रसाद चौरसियालाई मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

# <u>देहायः</u>

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. नगेन्द्र राम भन्ने नगेन्द्र महरा चमार र राजेश्वर प्रसाद चौरासिया** (वि.अ. को मु.नं. **०७६-CR-००८८**), वि.अ. को फैसला मिति २०८०।०९।२२) | **घुस रिसवत लिई नक्कली तथा गलत कागजातहरुको आधारमा शिक्षक नियुक्ती गरी भ्रष्टाचार गरेको** | प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारलाई रु. ४,२०,०००।- (चार लाख बीस हजार) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस रिसवत वापत दिएको रकम रु.४,२०,०००। ऐ.को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन मागदावी लिईएको, प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले नागेन्द्र रामको नियुक्ति पत्र एवं नियुक्ति अभिलेख कायम पत्रमा निजको नाम आफुले लेखिदिएको र रमानापत्र तयार गरिदिएको भनि आफुले लेखिदिएका नियुक्ति पत्र तथा रमानापत्र लगायतका कागजातहरु समेत हेरी पढी आफुले लेखिदिएको तथा तयार गरिदिएको व्यहोरालाई सनाखत समेत गरिदिएबाट निज राजेश्वर प्रसाद चौरसियाले आर्थिक लाभ लिएर बदनियतसाथ नियुक्ति सम्वन्धि नक्कली तथा गलत कागजातहरु निज नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारलाई उपलब्ध गरे गराएको पुष्टि हुन | **फैसलाः**<br>**प्रतिवादीहरु नगेन्द्र राम भन्ने नगेन्द्र महरा चमार तथा राजेश्वर प्रसाद चौरासियाको** कार्यबाट नेपाल सरकारको कुनै हानि नोक्सानी पुग्न नगएको र निजहरुले उल्लेखित कार्यवापत रिसवत लिएको समेत पुष्टि हुन नआएको हुँदा प्रस्तुत मुद्दामा आरोपदावी पुग्न नसक्ने, दुवै प्रतिवादीहरुले यस मुद्दाबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/०९/२२ मा फैसला गरेको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>क.यस मुद्दाको दाबी नै दुई प्रतिवादीले रिसवत लिएदिएको भन्ने रहेको देखिन्छ । यस दावी सम्बन्धमा प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले प्रतिवादी राजेश्वरप्रसाद चौरसियालाई ४ लाख १५ हजार रुपैयाँ दिएको भनी लेखाएको आधारमा दाबी गरिएकोमा प्रतिवादी राजेश्वरप्रसाद चौरसियाले निजसँग लेनदेन गरेको होइन। त्यस विद्यालयका प्रधानाध्यापक हकिम अन्सारीले नियुक्ति सम्वन्धि कार्यालयको लेटरपैड लिएर आए र निजको अनुरोधमा मैले निज नागेन्द्र महरा चमारको नियुक्ति पत्रमा नाम लेखिदिई रमानापत्र पनि तयार गरिदिएको भनी लेखाएको देखिन्छ तर हकीम अन्सारीलाई प्रतिवादी कायम गरिएको पाईदैन। अर्कोतर्फ रिसवत दिने भनिएका प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले पनि यस अदालतमा बयान गर्दा आफूले कुनै रकम दिएको छैन भनेर नै बयान गरेको देखिन्छ भने प्रतिवादी राजेश्वरप्रसाद चौरसियाले पनि यस अदालतमा ईन्कारी बयान गरेको देखिन्छ । रिसवत लेनदेन भएको अन्य आधार देखिएको छैन भने निजहरुले गरेको कार्यबाट नेपाल सरकारलाई कुनै हानी नोक्सानी भएको अवस्था समेत देखिंदैन । यस अवस्थामा अनुसन्धान अधिकारी समक्षको एक प्रतिवादीको बयान मात्रको आधारमा रिसवत् लेनदेन भएको मान्न मिलेन। | क. प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मैले शिक्षक नियुक्तिको लागि आवेदन नदिएको, छनौट परीक्षामा सहभागीसमेत नभइ विद्यालयको नियुक्तिपत्र, जिल्ला शिक्षा कार्यालय, पर्साको अभिलेख कायम गरी दरबन्दीसहित श्री जनसेवा प्रा.वि. जगरनाथपुर सिरा पर्सामा सरुवा भएको पत्रसमेतका कागजातहरू जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुरका शिक्षा अधिकृत विद्यालय निरीक्षक राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरूको बहानामा रू.४,२०,०००।- लिएर उपलब्ध गराएका हुन् भनी खुलाईदिएबाट कुनैपनि परीक्षाहरू नदिई दस्तुरको बहानामा रू.४,२५,०००।-जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजातहरू प्राप्त गरेको भनी बयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले घुस/रिसवत लिएको/दिएको रकम रु.४,२०,०००।-(चार लाख बिस हजार) बिगो कायम गरी सजाय गर्नु पर्नेमा सो नगरी विशेष अदालतले प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br><br>ख. प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले प्रतिवादी राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजातहरू प्राप्त गरी सोही गलत तथा नक्कली पत्रहरूले श्री जनसेवा प्रा.वि. जगरनाथपुर सिरा पर्सामा राहत शिक्षकको पदमा कार्यरत रही तलव भत्तासमेत भुक्तानी लिने खाने उद्देश्यका साथ कार्यरत रहेकोमा प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी गाउँकार्यपालिकाको कार्यालय जगरनाथपुरबाट निकासा प्राप्त नभएपछि मात्र प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले सेवा छाडेका देखिन्छ। विना फाईदा प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारलाई गलत तथा नक्कली कागजातहरू प्राप्त गरी सोही गलत तथा नक्कली पत्रहरूको आधारमा श्री जनसेवा प्रा.वि. जगरनाथपुर सिरा पर्सामा राहत शिक्षकको पदमा कार्यरत गराएको देखिदाँ बिना फाईदा यस्तो जोखिमपूर्ण कार्य गरेको नहुँदा प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले घुस/रिसवत बापत लिएको/दिएको रकम रु.४,२०,०००।-(चार लाख पन्ध्र हजार) बाट प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले काम कारवाही गरेको देखिँदा विशेष अदालतले प्रतिवादीहरुलाई सफाइ दिने गरी गरेको फैसला त्रुटिपूर्ण रहेको,<br><br>ग. प्रतिवादी नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमारले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. ४,२०,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमार र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. ४,२०,०००।— लिए/दिएको पुष्टी हुन्छ। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) भएको अवस्थामा प्रतिवादीहरु नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमार र राजेश्वर प्रसाद चौरसियाले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आएको देखिँदा राष्ट्रसेवक राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरुको बहानामा नागेन्द्र रामबाट गैरकानूनी आर्थिक लाभ रु. ४,२०,०००।- घुस रिसवत लिइ नक्कलि तथा गलत कागजातहरु उपलव्ध गराई विद्यालयमा कामकाजमा लगाउने समेतका कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज राजेश्वर प्रसाद चौरसिया उपर रु. ४,२०,०००।-(चार लाख बीस हजार) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजायँ गरी घुस रिसवत वापत लिएको रकम रु. ४,२०,०००।-ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन मागदावी लिईएको | | घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु नागेन्द्र राम भन्ने नागेन्द्र महरा चमार र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको। |